नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
झापा
(.............................. फाँट)

०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६१९१ कार्यालय
४५६१९७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५१८८

पत्र संख्या :- ०७६/७७
चलानी नं. :- ३८८६

मिति :- २०७६/०९/१५

विषय:- नेपाल भ्रमण बर्ष, २०२० को प्रबर्द्धन सम्बन्धमा ।

श्री जिल्ला स्थित सरकारी कार्यालय सबै
झापा ।

प्रस्तुत बिषयमा गृह मन्त्रालयको च.न. २०३२ मिति २०७६/०९/११ को पत्रको छायाँप्रति यसै साथ संलग्न राखी पठाइएको छ । व्यहोरा सोही पत्रबाट अवगत गर्नु भई निर्देशानुसार गर्ने गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

२०७६।०९।१५
प्रशासकीय अधिकृत

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेलःcontrol@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु.०७६/०७७/३

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- 2032

सिंहदरवार,
काठमाडौं, नेपाल।
मितिः २०७६/०९/११

विषयः- नेपाल भ्रमण वर्ष, २०२० को प्रबर्द्धन सम्बन्धमा ।

श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौं ।
श्री सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, हलचोक, काठमाण्डौ ।
श्री अध्यागमन विभाग, कालिकास्थान, काठमाण्डौ ।
श्री कारागार व्यवस्थापन विभाग, कालिकास्थान, काठमाण्डौ ।
श्री जिल्ला प्रशासन कार्यालय, सवै ।

नेपाल भ्रमण वर्ष, २०२० को प्रवर्द्धनका लागि सरकारी एवं सार्वजनिक निकायले गर्नुपर्ने कार्य जिम्मेवारी सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्‌बाट देहाय बमोजिम निर्णय भएको हुदा सोही बमोजिम हुन अनुरोध छ भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय च.नं. पू.वि.६२/३६८५ मिति २०७६/०९/०७ गतेको पत्रबाट लेखी आएको हुँदा सम्बन्धित विषयमा आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

देहायः

क. नेपाल सरकारका मन्त्रालय एवं विभाग, सर्वजनिक संस्थान लगायतका सबै सार्वजनिक निकायबाट नेपाल भ्रमण वर्ष, २०२० लाई राष्ट्रिय अभियानको रुपमा अपनत्व लिने तथा यस्ता निकायहरुका वेवसाइट लगायतका अन्य आधिकारिक सामाजिक सञ्जालहरुमा नेपाल भ्रमण वर्षको लोगो राख्ने तथा नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयको वेवसाईट लिंक गर्ने, पत्राचारमा अनिवार्य रुपमा नेपाल भ्रमण वर्षको लोगो राख्ने र प्रकाशित हुने बुलेटिन लगायतका प्रकाशनमा नेपाल भ्रमण वर्ष सम्वन्धी लेख रचना र प्रचार सामाग्री समेत समावेश गर्ने गराउने ।

ख. नेपाल सरकारका मन्त्रालयहरु तथा सबै सार्वजनिक निकायबाट विदेशमा गरिने भ्रमण तथा प्रतिनिधित्व हुँदा अनिवार्य रुपमा नेपाल भ्रमण वर्ष, २०२० को जानकारी दिने, वक्तव्य दिनुपर्दा यसको उल्लेख गरी नेपाल भ्रमण गर्न अनुरोध गर्ने ।

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु.०७६/०७७/३

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- +2032

सिंहदरवार,
काठमाडौं, नेपाल ।

ग. नेपालमा हुने अन्तराष्ट्रियस्तरका कार्यक्रममा अनिवार्य रुपमा नेपाल भ्रमण वर्षको प्रवर्द्धन डेक्स राखी प्रचार समाग्री एवं उपहार दिने व्यवस्था नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयसंग समन्वय गरी गर्ने गराउने ।

घ. नेपालमा पर्यटकको आवागमन बढी हुने प्रमुख पर्यटकीय गन्तव्य लगायत राष्ट्रिय राजमार्गका सडक तत्काल मर्मत गर्ने व्यवस्था भौतिक पूर्वाधार तथा यातायात मन्त्रालले मिलाउने ।

ङ. सरकारी एवं सार्वजनिक निकायका सवारी साधनमा अनिवार्य रुपमा नेपाल भ्रमण वर्ष, २०२० को लोगो टाँस्ने व्यवस्था नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयसँग समन्वय गरी गर्ने गराउने ।

च. नेपालभित्र इन्टरनेट सेवा प्रदायक विभिन्न संस्थाहरुले इन्टरनेट सेवा खुल्दा नेपाल भ्रमण वर्षको लोगो सर्वप्रथम आउने व्यवस्था सूचना तथा सञ्चार प्रविधि मन्त्रालयमार्फत मिलाउने ।

छ. नेपालमा सञ्चालित सञ्चार माध्यमहरु रेडियो, टेलिभिजन र पत्रपत्रिकावाट नेपाल भ्रमण वर्ष, २०२० को प्रचार प्रसार सामाग्रीहरु कल्याणकारी कोषबाट उपलब्ध हुने सुविधा अनुरुप प्रकाशन तथा प्रशारण हुने व्यवस्था सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले मिलाउने ।

......
(लोकमान श्रेष्ठ)
शाखा अधिकृत

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाण्डौं ।